राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– ५, भदौ ५ गते शुक्रबार, २०८३ (21 August, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# फेरि गर्जिए बादल : सिधैं राखे यथातथ्य

## आन्तरिक 'शक्ति' र बाह्य तत्त्वको भण्डाफोर, परराष्ट्र सम्बन्ध र सन्तुलनप्रति ध्यानाकर्षण

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** तथाकथित जेनजी आन्दोलनका नाममा गतवर्ष मुलुकमा गराइएको योजनाबद्ध विध्वंस र षड्यन्त्रकारी आतंकवाद एवम् त्यसैमार्फत लादिएको आततायी शासनपछि सवैजसो नेताहरूले सत्यतथ्य बोल्न र राष्ट्र तथा जनताका विरूद्धका भयङ्कर अपराधहरूको पर्दाफास गर्दै जनसमक्ष यथातथ्य खुलस्त पार्न हिच्किचाइरहेका र जिब्रो चपाइरहेका बेला वरिष्ठ पूर्वमाओवादी नेता, पूर्वरक्षामन्त्री तथा पूर्वगृहमन्त्री एवम् एमाले उपाध्यक्ष तथा संसदीय दलका नेता रामबहादुर थापा 'बादल' ले भने देश र जनताविरूद्ध थोपरिएका तमाम षड्यन्त्र, अपराध र आततायी हर्कतहरूको यथातथ्य प्रस्तुत गदै प्रतिनिधिसभाको रोष्ट्रमबाट जनसमक्ष खुलस्त पारिरहेका छन् । नेता बादलले यसअघि चैत १९, जेठ २७ र भदौ ३ मा समेत राष्ट्रविरूद्ध थोपरिएका आपराधिक हर्कतहरूलाई प्रतिनिधिसभाको रोष्ट्रमबाट यसैगरी उदाङ्गो पारेका थिए ।

संघीय संसदअन्तर्गत प्रतिनिधिसभाको बैठकमा पछिल्लो पटक बुधबार सम्बोधन गरेका बादलले वर्तमान सरकारको 'शक्तिका स्रोत' बारे राष्ट्र र जनतासमक्ष यथातथ्य राखेर संक्षिप्तमा व्याख्या समेत गरिदिएका हुन् । अहिलेको सरकारका 'शक्ति' भनेकै 'तीन ए' अर्थात्– अमेरिका, आर्मी र एल्गोरिदम भएको कुरा खुलस्त पार्दै नेता बादलले त्यसबारे व्याख्या समेत गरिदिए । लोकतन्त्रका लागि भएका बलिदानीपूर्ण इतिहास सम्झिएर काम गर्न समेत उनले सरकारलाई सुझाव दिए । लोकतन्त्र र जनजीविकाका सवालमा कुनै पनि प्रकारका प्रश्न खडा हुनु सह्य नहुने चेतावनी समेत बादलले दिएका छन् । भूराजनीतिक चलखेलले नेपालको राष्ट्रियता र राज्यका

क्रमशः अन्तिम पृष्ठमा

# मुलुकको रक्षा र समृद्धिका लागि रूपान्तरणसहितको वामएकता

**काठमाडौं ।** नेपाली कम्युनिस्ट आन्दोलनको समग्रतः गम्भीर समीक्षा गर्दै रूपान्तरणसहितको एकता गर्न सक्दा मात्रै मुलुकको रक्षा र समृद्धि गर्न सकिनेमा वामपन्थी नेताहरूले जोड दिएका छन् । 'साजवाद अध्ययन केन्द्र, नेपाल' द्वारा राजधानीमा आयोजित 'वामपन्थी आन्दोलन अब के गर्ने ?' शीर्षकको राष्ट्रिय बहस कार्यक्रममा सहभागी विभिन्न वामघटकका नेताहरूले जनसम्बन्ध सुदृढीकरण र गम्भीर बहससहित आगामी मार्ग तय गर्नुपर्ने धारणा राखेका छन् ।

बहस कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) का कार्यवाहक अध्यक्ष घनश्याम भुसालले पुराना राजनीतिक शक्तिले प्रभावकारी रूपमा काम गर्न नसक्दा नयाँ राजनीतिक शक्ति स्थापित भई शासन सञ्चालन गर्ने अवस्था आएको टिप्पणी गरे । गत निर्वाचनमा पराजित हुनुको कारण अहिलेसम्म स्पष्ट रूपमा पहिचान गर्न नसकिएको भन्दै त्यसको गम्भीर समीक्षा आवश्यक रहेको उनले बताए ।

'चुनावमा हामीले कसरी हार्‍यौं भनेर अहिलेसम्म पत्ता लागेको छैन, त्यसबारे कसैले नसम्झाइदिए हुन्थ्यो जस्तो लाग्छ'- उनले भने । सोही कार्यक्रममा बोल्दै नेपाली कम्युनिस्ट पार्टीका नेता एवं पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको कम्युनिस्ट आन्दोलनको गम्भीर समीक्षा गर्नु आवश्यक रहेको बताए । जनमत कम्युनिस्ट दलहरूबाट टाढिँदै जानुको कारण पहिचान नगरेसम्म कम्युनिस्ट आन्दोलनलाई प्रभावकारी रूपमा अघि बढाउन नसकिने धारणा उनले राखे । त्यसैगरी, नेपाल कम्युनिस्ट पार्टी (एमाले) का नेता कर्ण थापाले देशको विकासलगायत समग्र कामलाई प्रभावकारी बनाउन वामपन्थी शक्ति एकजुट हुनुपर्नेमा जोड दिए । अधिकांश वक्ताहरूले नेपालको कम्युनिस्ट आन्दोलनको गम्भीर समीक्षा गर्दै रूपान्तरणसहितको एकता हुनुपर्नेमा जोड दिए ।

## 'कम्युनिस्ट टुटफुटका कारण मुलुकमा ठूलो क्षति'

**वीरेन्द्रनगर** (सुर्खेत) । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता देवप्रसाद गुरुङले कम्युनिस्ट एकताविना मुलुकको समृद्धि र रक्षा सम्भव नभएको बताएका छन् । पुष्पलाल मित्रता केन्द्रद्वारा ४८औं पुष्पलाल स्मृति दिवसको अवसरमा वीरेन्द्रनगरमा आयोजित 'वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी दलहरूको भूमिका' विषयक विचारगोष्ठीमा बोल्दै नेता गुरुङले कम्युनिस्ट एकताबाट मात्र मुलुकको विकास, समृद्धि र रक्षा हुने बताएका हुन् ।

# पुँजीवादी जालो र साम्राज्यवादी दुष्प्रभाव

**समय सन्देश**

बलराम बास्कोटा

सोभियत संघको विघटनपछि विश्वमा एक प्रकारको पुँजीवादी अहङ्कार निकै प्रबल बनेको थियो । तर इतिहासको गतिसँगै त्यो प्रबलता क्रमिक रूपमा ह्रास हुन थाल्यो । २१औँ शताब्दीको दोस्रो दशकदेखि नै विश्व पुँजीवादले गम्भीर र दीर्घकालीन संकटहरूको सामना गरिरहेको छ । पुँजीवादी व्यवस्थाकै विश्लेषक तथा अर्थशास्त्रीहरूले समेत वर्तमान पुँजीवादले संकट बेहोर्नुपरेको यथार्थ स्वीकार्न थालेका छन् ।

पुँजीवादीहरूले १९औँ शताब्दीको पुरानो र मृतप्रायः दर्शन भन्दै खिल्ली उडाएको मार्क्सवादले समकालीन पुँजीवादको अन्तर्निहित अन्तरविरोध र संकटलाई वैज्ञानिक ढङ्गले विश्लेषण गर्न सक्छ भन्ने तथ्य पुनः प्रमाणित गरिदिएको छ । यो विश्व परिदृश्यलाई नेपालको विशिष्ट भू-राजनीतिक, सामाजिक र आर्थिक धरातलमा उभिएर हेर्दा स्थिति झनै जटिल देखिन्छ । नेपालले विगत तीन दशकदेखि जुन प्रकारको अन्धो नवउदारवादी अर्थनीति, दलाल पुँजीवाद र विश्वव्यापीकरणको अभ्यास गर्दै आएको छ, त्यसले देशलाई गम्भीर आर्थिक परनिर्भरता, सामाजिक विसङ्गति र वर्गीय ध्रुवीकरणतर्फ धकेलिरहेको छ । तसर्थ, नेपालको सन्दर्भमा २१औँ शताब्दीको मार्क्सवाद केवल किताबी अध्ययन वा बौद्धिक विमर्शको विषय मात्र होइन, यो त देशको राष्ट्रिय सार्वभौमिकता, आर्थिक स्वाधीनता र श्रमजीवी जनताको मुक्तिको अपरिहार्य मार्ग हो ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३२, अङ्क- ५, भदौ ५ गते शुक्रबार, २०८३

## सम्पादकीय

# ‘वाम एकता’ को कर्कसपूर्ण खलबल

फेरि ‘वाम एकता’ को कर्कसपूर्ण खलबलले राजनीतिक रङ्गमञ्चमा स्थान ओगट्न थालेको छ। दर्शन, विचार, दृष्टिकोण, सिद्धान्त, कार्यक्रम र कार्ययोजनातर्फ कहिल्यै छलफल नगर्ने; कुनै ‘सन्दर्भ’ परेर हल्काफुल्का गफ गरिहाले तापनि गम्भीरतापूर्वक त्यस काममा पटक्कै नलाग्ने अनि आन्तरिक झगडा वा चुनावी पराजयसँगै चाहिँ एकअर्काको शेखी झार्ने नियतका साथ ‘वाम एकता’ को झ्याली पिट्ने नेपालका ‘वामपन्थी’ हरूको बजारिया हल्लाले निकै चर्को राजनीतिक प्रदूषण फैलाएको छ।

२०४७ यता होस् वा २०६४ यता नै किन नहोस्, ‘वामपन्थी’ वा ‘कम्युनिस्ट’ का नाममा गठन भएका कुनै पनि सरकारहरू यथार्थतः १० प्रतिशतसम्म मात्रै पनि ‘वामपन्थी’ या ‘कम्युनिस्ट’ सरकार होइनन्; थिएनन्। तिनले त केवल ‘जोसुकैको सरकार भए पनि या जुनसुकै व्यवस्था ल्याइए पनि हुने त उस्तै नै रहेछ’ भनेर वामपन्थी वा कम्युनिस्ट शक्तिमाथि जनअविश्वास पैदा गर्ने र सच्चा कम्युनिस्ट पार्टी र शक्तिहरूको बदनाम गर्ने काम मात्रै गर्दै आएका छन्। यसर्थ, सारभूतरूपले र वास्तविक अन्तर्वस्तुका दृष्टिले कहिल्यै वामपन्थी या कम्युनिस्ट नबनेका र बन्न नचाहनेहरूले मच्चाएको ‘वामपन्थी एकता’ को स्यालहुइय्याँ खेदजनक छ।

हालसम्म अपनाइएको संसदीय व्यवस्था नेपालमा असफलसिद्ध भइसकेको धेरैपटक पुष्टि हुँदै आएको छ। तमाम नेपाली जनताले यसका विरुद्ध आधारभूतरूपले नै परिवर्तन र विकल्प खोजिसकेका छन् भन्ने तथ्य पनि धेरैपटक सावित भइसकेको छ। हुल्लडबाजहरूको डफ्फा होस् वा प्रतिक्रान्तिकारी तत्त्वहरू नै किन नहोऊन्- सवैले ‘वैकल्पिक व्यवस्था’ वा राजनीतिक परिवर्तनको डङ्का पिटिरहेका छन्। नेपालमा परिवर्तन त चाहिएकै छ तर त्यो पश्चगमनकारी परिवर्तन होइन, अग्रगमनकारी परिवर्तन हुनेछ र यसरी हुनेछ भनी समग्र खाकासहितको स्पष्ट सैद्धान्तिक दिशानिर्देश नगरेसम्म मच्चाइने ‘वामपन्थी एकता’ को प्रदूषण निरर्थक छ।

# पुँजीवादी जालो र साम्राज्यवादी...

### नवउदारवादी पुंजीवाद

चार दशकसम्म निरङ्कुश राजतन्त्रको जाँतोमुनि पिसिन बाध्य नेपाली जनता २०४६ सालको जनआन्दोलनपछि मात्र बहुदलीय प्रजातन्त्रमा प्रवेश गरे। तर दुर्भाग्यवश, यही कालखण्डमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता साम्राज्यवादी वित्तीय संस्थाहरूको आडमा नेपालको राज्यसत्ताले संरचनागत समायोजन र उदारीकरणको नीतिलाई अन्धाधुन्ध अँगाल्यो। यसैको परिणामस्वरूप औद्योगिक उत्पादनको पतनको युग सुरु भयो।

राज्यले संरक्षण गर्दै आएका सार्वजनिक संस्थान तथा कलकारखानाहरू– भृकुटी कागज कारखाना, लुम्बिनी चिनी कारखाना, जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता कारखाना आदिलाई एकपछि अर्को गर्दै कौडीको भाउमा बेचियो। कृषि औजार कारखाना, वीरगन्ज चिनी कारखाना, हेटौँडा कपडा उद्योग, रघुपति जुट मिल जस्ता कारखानाहरू बन्द गरिए। यसले नेपालको सीमित राष्ट्रिय औद्योगिक आधारलाई पूर्ण रूपमा ध्वस्त बनायो। कथित उदारीकरणका नाममा दलाल पुँजीवादको बोलबाला हुन थाल्यो।

उत्पादनशील क्षेत्रमा लगानी हुनुको सट्टा पुँजी घरजग्गाको कारोबार, आयात व्यापार र वित्तीय सट्टेबाजीमा केन्द्रित भयो। नेपाल वस्तु उत्पादन गर्ने देशबाट पूर्ण रूपमा परनिर्भर उपभोक्ता बजारमा रूपान्तरण भयो। देशभित्र उत्पादनका साधनहरू खुम्चिँदै जाँदा र रोजगारीका अवसरहरू सिर्जना नहुँदा नेपालका लाखौं युवाहरू खाडी राष्ट्रहरू, मलेसिया र पाश्चात्य मुलुकहरूमा सस्तो श्रम बेच्न बाध्य भए। आज नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिएको विप्रेषण (रेमिट्यान्स) वास्तवमा नेपाली श्रमजीवी जनताको रगत र पसिनाको शोषणमा टिकेको परनिर्भर अर्थतन्त्रको कुरूप अनुहार मात्र बनेको छ।

### साम्राज्यवाद र सार्वभौमिकताको सवाल

भारतीय कम्युनिस्ट पार्टीका पूर्वमहासचिव प्रकाश करातले सन् २०११ मा औँल्याएझैं, २१औं शताब्दीमा साम्राज्यवाद समाप्त भएको छैन, बरु यसले अन्तर्राष्ट्रिय वित्त पुँजी र भू-राजनीतिक सामरिक गठबन्धनमार्फत अझ बढी क्रूर हस्तक्षेप गर्दै गइरहेको छ। उनको यो भनाइले नेपाल जस्तो सानो र विकासोन्मुख देशका लागि साम्राज्यवाद र विस्तारवादका हस्तक्षेपहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा निरन्तर भइरहेका छन् भन्ने तथ्यलाई पुष्टि गर्छ।

नेपालमा आउने वैदेशिक अनुदान तथा ऋणका पछाडि निश्चित भू-राजनीतिक एवं आर्थिक सर्तहरू जोडिएका हुन्छन्। शिक्षा, स्वास्थ्य र जलस्रोत जस्ता संवेदनशील क्षेत्रहरूमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं साम्राज्यवादी एजेन्सीहरूको प्रभाव नीति निर्माण तहसम्मै पुगेको छ। इन्डो-प्यासिफिक रणनीति वा विभिन्न सामरिक सैन्य सम्झौताहरूमार्फत नेपाललाई दक्षिण एसियामा सामरिक अखडा बनाउने प्रयासहरू भइरहेका छन्। नेपालको असंलग्न परराष्ट्र नीतिलाई कमजोर बनाएर यहाँका शासक वर्गलाई वैचारिक तथा आर्थिक रूपमा लाचार बनाउने साम्राज्यवादी कूटनीति तीव्र छ। अतः राष्ट्रिय सार्वभौमिकता, सीमा सुरक्षा र स्वाधीन परराष्ट्र नीतिको रक्षा आज नेपाली वामपन्थी तथा देशभक्त आन्दोलनको प्रमुख कार्यभार बन्न पुगेको छ।

### नेपालको कृषि संकट र किसान एकता

नेपाल मूलतः कृषिप्रधान देश भनिए पनि आज यहाँको कृषि क्षेत्र गम्भीर संकटमा छ। नवउदारवादी नीतिकै कारण मल, बीउबिजन र प्रविधिमा राज्यले दिने अनुदान कटौती भएको छ। यसले गर्दा खेतीकिसानी घाटाको व्यापार बन्न पुगेको छ। युवाहरूको विदेश पलायनका कारण नेपालका उर्वर फाँटहरू बाँझा हुँदै गएका छन्। परम्परागत कृषि प्रणाली नष्ट भएको छ र नेपाली बजार भारतीय तथा बहुराष्ट्रिय कृषि उत्पादनहरूको क्रीडास्थल बनेको छ।

ग्रामीण क्षेत्रमा अझै पनि अर्ध-सामन्तवादी अवशेषहरू र साहुमहाजनको शोषण कायम छ, जसले गर्दा वास्तविक भूमिहीन किसानहरू उत्पीडनमा छन्। सहरका संगठित तथा असंगठित औद्योगिक मजदुरहरू, ग्रामीण क्षेत्रका गरिब किसानहरू तथा भूमिहीनहरूको बलियो एकताविना नेपालमा कुनै पनि अग्रगामी परिवर्तन सम्भव छैन। सहरका श्रमजीवीहरू र गाउँका पसिना बगाउने किसानहरूको संयुक्त आन्दोलन नै नेपालको रूपान्तरणको मुख्य आधार हो।

### सामाजिक उत्पीडन र लैङ्गिक अन्तरविरोध

नेपालको सामाजिक संरचना अत्यन्त जटिल छ। यहाँ वर्गीय शोषणका साथै गहिरो सामाजिक उत्पीडन गढेर बसेको छ। मूलतः हिन्दू वर्णव्यवस्थामा आधारित जातीय छुवाछूत र उत्पीडनले नेपाली समाजलाई विभाजित गरेको छ। दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका क्षेत्रका जनतामाथि हुने राज्य र समाजको दोहोरो शोषण वर्गीय शोषणसँग अन्योन्याश्रित रूपमा जोडिएको छ।

पुँजीवादी तथा पितृसत्तात्मक व्यवस्थाले महिलाहरूको श्रमलाई अवमूल्यन गरेको छ। घरभित्रको ‘केयर इकोनोमी’ को सम्पूर्ण भार महिलाहरूको काँधमा थोपरिएको छ भने बाहिर पनि उनीहरू समान ज्याला र अवसरबाट वञ्चित छन्। नेपालको सन्दर्भमा वर्गमुक्तिको आन्दोलन तबसम्म सफल हुन सक्दैन, जबसम्म जाति, क्षेत्र र लिङ्गका आधारमा हुने सबै प्रकारका सामाजिक उत्पीडनहरूविरुद्धको संघर्षलाई मार्क्सवादी आन्दोलनको मूलधारमा समाहित गरिँदैन।

### कम्युनिस्ट आन्दोलनको उपलब्धि र विचलन

सोभियत संघको विघटनपछि विश्वभर निराश बनेका कम्युनिस्ट आन्दोलनहरूबिच नेपालमा भने २०५२ फागुनदेखि सञ्चालित जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन र विभिन्न संघर्षहरूका बलमा राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। यी सबै आन्दोलनहरूको अग्रपंक्तिमा मार्क्सवादी-लेनिनवादी विचारधाराबाट प्रेरित कम्युनिस्ट पार्टीहरू नै थिए। तर विडम्बना, जब नेपालका वामपन्थी तथा कम्युनिस्ट पार्टीहरू सत्ताको शिखरमा पुगे, उनीहरूले क्रान्तिकारी सिद्धान्त र जनतासँगको साइनो बिर्सिए। महाकाली सन्धि र एमसीसी जस्ता राष्ट्रघाती सम्झौता उनीहरूले नै गर्न पुगे। अमेरिकी साम्राज्यवादलाई पार्टीका दस्तावेजहरूमा किटान गर्न पनि नसक्ने अवस्था आयो।

यसरी संसदीय अवसरवाद र वैचारिक पतनका कारण सत्ता प्राप्ति र कुर्सीको खेलमा रुमलिएका कम्युनिस्ट भनिने दलहरूले समेत अन्ततः नवउदारवादी अर्थनीतिकै सेवा गर्न पुगे। दलाल पुँजीपति वर्ग र भ्रष्ट नोकरशाहीतन्त्रसँगको साँठगाँठले गर्दा जनतामा ठूलो निराशा पैदा भयो। एकातर्फ रूढिवादी र जडसूत्रवादी चिन्तनबाट मुक्त हुन नसक्नु र अर्कातर्फ क्रान्तिकारी कार्यदिशा छाडेर दक्षिणपन्थी अवसरवादमा पतन हुनु नेपालको कम्युनिस्ट आन्दोलनको मुख्य कमजोरी बन्यो। तसर्थ, मार्क्सवादलाई कुनै अपरिवर्तनीय मृत ग्रन्थ नभई ‘जीवन्त विज्ञान’ का रूपमा बुझेर नेपालको विशिष्ट मौलिकता अनुसार यसलाई पुनर्संरचना गर्नुपर्ने खाँचो आज टड्कारो रूपमा देखिएको छ।

### नेपालको वामपन्थी विकल्प

नेपालले वर्तमान संकटबाट निकास पाउन र देशलाई समृद्धिको वैज्ञानिक बाटोमा डोऱ्याउन २१औं शताब्दीको मार्क्सवादी दृष्टिकोणमा आधारित ठोस वामपन्थी तथा लोकतान्त्रिक विकल्प निर्माण गर्नु अनिवार्य छ। यसका मुख्य आधारहरू निम्न हुन्ः

१. उत्पादनका साधनहरूमा सामाजिक स्वामित्व र नियमनः राज्यको सम्पूर्ण स्रोतसाधनमाथि निश्चित दलाल तथा माफियाहरूको हालिमुहाली तोड्दै राष्ट्रिय उद्योग, जलविद्युत्, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रहरूमा सार्वजनिक तथा सहकारी स्वामित्वलाई प्राथमिकता दिनुपर्छ। बजारलाई खुला रूपमा छाड्नुको सट्टा राज्यले कडा नियमन गर्नुपर्छ।

२. विकेन्द्रीकृत योजना र वास्तविक लोकतन्त्रः २०औँ शताब्दीको सोभियत मोडलको कडा नोकरशाही र अति-केन्द्रीकृत शासन प्रणालीबाट पाठ सिकेर २१औँ शताब्दीको समाजवादले पूर्ण रूपमा बहुदलीय प्रतिस्पर्धा, कानुनी राज्य, प्रेस स्वतन्त्रता र स्थानीय तहदेखि नै जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुपर्छ।

३. राष्ट्रिय स्वाधीनता र आत्मनिर्भर अर्थतन्त्रः साम्राज्यवादी वित्तीय संस्था (विश्व बैंक, आईएमएफ तथा एसियाली विकास बैंक) का असमान सर्तहरू र परनिर्भर बनाउने अनुदान नीतिहरूको खारेजी गर्दै कृषि उत्पादन, घरेलु उद्योग र आन्तरिक बजारको सुदृढीकरणमार्फत आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नु आजको पहिलो सर्त हो।

४. सबै प्रकारका विभेदको अन्त्यः वर्गीय मुक्तिसँगै दलित, जनजाति, मधेसी, महिला र सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्वलाई संस्थागत गर्दै सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नुपर्छ।

### निष्कर्ष

इतिहासको यो मोडमा नेपाल गम्भीर दोबाटोमा उभिएको छ। एकातिर नवउदारवादी पुँजीवादले सिर्जना गरेको चरम आर्थिक असमानता, बेरोजगारी, भ्रष्टाचार र परनिर्भरताको अँध्यारो सुरुङ छ भने अर्कोतिर श्रमजीवी जनताको एकता र वैज्ञानिक समाजवादी विकल्पको उज्यालो क्षितिज छ। आफ्ना वैचारिक मान्यताहरूलाई आत्मसात् गर्दै नेपालका सच्चा वामपन्थी, प्रगतिशील र श्रमजीवी शक्तिहरूले पुराना कमजोरीबाट गम्भीर पाठ सिक्नुपर्छ।

जडसूत्रवादको खोल ओढेर बस्ने वा दक्षिणपन्थी अवसरवादको पछि लाग्ने छुट अब क्रान्तिकारी आन्दोलनलाई छैन। दलाल पुँजीवाद र साम्राज्यवादका सम्पूर्ण जालाहरूलाई च्यात्दै, राष्ट्रिय स्वाधीनता, सामाजिक न्याय र आर्थिक समृद्धिको झण्डा फहराउने मार्क्सवादी-लेनिनवादी विचारमा आधारित एक नयाँ एकीकृत जनआन्दोलन नै २१औं शताब्दीमा नेपालको एक मात्र मुक्तिमार्ग हो।

# रहेनन् जनकवि दुर्गालाल श्रेष्ठ, राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि

**काठमाडौं** । सुप्रसिद्ध जनकवि दुर्गालाल श्रेष्ठको राजधानी, बुढानिलकण्ठस्थित निवासमा ९३ वर्षको उमेरमा आइतबार राति निधन भएको छ। नेपाली तथा नेपाल भाषाका अग्रणी स्रष्टा जनकवि श्रेष्ठको राष्ट्रिय सम्मानका साथ शोभाभगवतीमा अन्त्येष्टि गरिएको अन्त्येष्टि गरिएको छ।

श्रेष्ठको अन्त्येष्टिमा गृहमन्त्री सुधन गुरुङ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोललगायत विशिष्ट व्यक्तिले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए। उनको पार्थिव शरीरलाई शोभाभगवतीबाट ढल्को, क्षेत्रपाटी, थहिटी, बाङ्गेमुढा, असन, जनबहाल, किलागल, नरदेवी हुँदै पुनः क्षेत्रपाटी, जोगीपाखा भएर शोभाभगवती लगिएको थियो। सो क्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्ति, साहित्यकार, कलाकार, संस्कृतिकर्मी, शुभेच्छुक तथा सर्वसाधारणले उनीप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए।

श्रेष्ठको निधनसँगै नेपाली साहित्यले एउटा कविमात्र नभई नेपाल र नेपाली भाषाबीच साहित्यिक सेतु निर्माण गर्ने एउटा सशक्त स्रष्टालाई गुमाएको छ। उनले करिब सात दशकदेखि कविता, गीत, बालसाहित्य, नाटक तथा नेपाल भाषाको प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आएका थिए। मदन पुरस्कार गुठीले उनलाई नेपाल भाषा र नेपाली भाषामा सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य सिर्जना गर्दै नेपाली वाङ्मयमा योगदान पुऱ्याएकामा ‘जगदम्बा-श्री’बाट सम्मान गरेको थियो।

विसं १९९२ मा काठमाडौंको न्हैकन्तला टोलमा जन्मनुभएका श्रेष्ठको प्रारम्भिक शिक्षा पद्मोदय माध्यमिक विद्यालयबाट भएको थियो। किशोर अवस्थादेखि साहित्यमा आकर्षित श्रेष्ठले विसं २००६ देखि लेखन सुरु गरेका थिए। उनको पहिलो कविता ‘दुई थोपा’ विसं २००९ मा ‘सुस्केरा’ पत्रिकामा प्रकाशित भएको थियो।

यसैबीच, संगीतकार न्ह्यूँ बज्राचार्यले जनकवि श्रेष्ठको निधन नेपाली साहित्य तथा गीतसंगीत क्षेत्रका लागि अपूरणीय क्षति भएको बताए। उनका अनुसार श्रेष्ठका सिर्जनाले नेपाली गीतसंगीतलाई समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन्। श्रेष्ठका शब्दमा रहेका सरलता, गहिराइ र मानवीय संवेदनाले पुस्तौंपुस्तासम्म प्रभाव पार्ने क्षमता राख्ने उनले बताए।

श्रेष्ठ ‘सयौं थरी बाजा एउटै ताल’, ‘फूलको आँखामा फूलै संसार’ लगायत कालजयी तथा चर्चित गीतका सर्जक थिए।

# वैदेशिक सरकारले पारदर्शी बनाउनुपर्ने सहायतालाई सुझाव

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद वर्षमान पुनले राज्यको ढुकुटीबाट हुने खर्च र वैदेशिक सहायताको परिचालन पारदर्शी हुनुपर्नेमा जोड दिएका छन् । बिहीबार प्रतिनिधि सभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा बोल्दै पूर्वअर्थमन्त्री पुनले जनताले राज्यको खर्चबारे जानकारी पाउनु लोकतान्त्रिक अधिकार भएको बताएका हुन् ।

राज्यको खर्च कहाँ र कसरी भइरहेको भन्नेबारे जनताले संसदको छलफलमार्फत थाहा पाउनु अनिवार्य भएको भन्दै उनले भने 'हामी लोकतान्त्रिक व्यवस्थामा छौं र हाम्रा शक्तिशाली संसदीय समितिहरूप्रति जवाफदेही हुनुपर्छ भन्दा नेगोसिएसन गर्ने टोलीलाई सहज  हुन्छ । यसलाई सरकारले अप्ठ्यारोका रूपमा लिनु हुँदैन ।' खर्चको पारदर्शिता सुनिश्चित गर्ने मुख्य माध्यम संसद र संसदीय समितिहरू भएको उल्लेख गर्दै उनले थपे 'राज्यको खर्च कहाँ र कसरी भइरहेको छ भन्ने कुरा नेपाली जनताले थाहा पाउनुपर्छ, जसका लागि संसद्मा छलफल हुनु अनिवार्य छ ।' कार्यकारिणीबाहेकका संवैधानिक निकायहरूले गर्ने अनुगमन र महालेखा परीक्षकको कार्यालयले औंल्याएका विषयमा संसदीय समितिले सरकारलाई प्रश्न गर्दा शासन व्यवस्थामा सुधार आउने सांसद पुनको भनाइ छ ।

'नेपाल र नेपालीको नाममा खर्च भइरहेको हरेक रकमको हिसाब पारदर्शी हुनुपर्छ' सांसद पुनको भनाइ थियो 'यसका लागि संसदीय समितिहरूले आवश्यक सुझाव र निर्देशन दिने कार्यलाई निरन्तरता दिनुपर्छ ।' उनले अन्तर्राष्ट्रिय विकास साझेदार तथा गैरसरकारी संस्थाहरूसँगको वार्ता र सम्झौताका क्रममा संसदीय निगरानीले सरकारको बार्गेनिङ क्षमता बढाउन मद्दत पुग्ने बताए । वैदेशिक सहायताका कतिपय रकम राष्ट्रिय प्रणालीभन्दा बाहिरबाट खर्च हुने गरेकोप्रति बैठकमा उनले ध्यानाकर्षण गराए । 'अफ र बजेट' र 'अफ ट्रेजरी'का रूपमा आउने सहायतालाई औपचारिक प्रणालीमा ल्याउनु पर्नेमा उनको जोड थियो ।

पूर्वअर्थमन्त्री पुनले मानवीय सहायताका क्षेत्रमा सरकारको स्रोत नपुगेको अवस्थामा वैदेशिक सहयोग परिचालन हुनु सकारात्मक भए पनि त्यस्ता सबै खर्चहरू पारदर्शी हुनुपर्नेमा समेत जोड दिएका छन् ।

# पाँचबुँदे निष्कर्षसहित शशांकको संयोजकत्वमा इतरपक्षको सम्मेलन

**ललितपुर ।** प्रमुख प्रतिपक्ष नेपाली कांग्रेससंस्थापन इतरपक्षले आयोजना गरेको तीनदिने राष्ट्रिय सम्मेलन पाँच बुँदे निष्कर्षसहित सम्पन्न गरेको छ । कांग्रेसका पूर्वमहामन्त्री डा शशांक कोइरालाको संयोजकत्वमा गत साउन २९ गतेदेखि आयोजित तीनदिने सम्मेलनको समापनको अवसरमा आइतबार सार्वजनिक गरिएको निष्कर्षअनुसार पहिलो बुँदामा १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णय र आयोजनामा १५औं महाधिवेशन सम्पन्न गरिने निर्णय गरेको हो ।

महामानव बीपी कोइरालाले २०३३ मा देशमा विद्यमान राष्ट्रिय संकटलाई ध्यानमा राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई ध्यानमा राखी देश फर्किएको स्मरण गर्दै आज  देश अप्ठ्यारो स्थितिमा रहेको तथा राष्ट्रिय एवं लोकतन्त्रवादी शक्तिहरूसँग संवाद गरी राष्ट्रियता, लोकतन्त्रको सुदृढीकरणका लागि क्रियाशील रहने विषय दोस्रो बुँदामा उल्लेख गरिएको छ । नेपालको सनातनदेखि चली आएको धर्म संस्कृति हाम्रो राष्ट्रिय पहिचान हो भन्दै निष्कर्षको तेस्रो बुँदामा नेपालमा रही आएको धार्मिक सहिष्णुता, सामाजिक सदभाव र हरेक व्यक्ति तथा धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रतालाई सुनिश्चितदेखि चलिआएको हिन्दू, बौद्ध, किरात र प्राकृत धर्मको संरक्षण गर्ने दायित्वलाई दृष्टिगत गरी सनातन धर्मलाई राष्ट्रको पहिचानका रूपमा राष्ट्रलाई अघि बढाउने प्रतिबद्धता गर्नेछ उल्लेख गरिएको छ ।

सो पाँचबुँदे निष्कर्षको चौथो बुँदामा वर्तमान संविधानमा जनअपेक्षा बमोजिम आवश्यक संशोधन गर्न संविधान भएको व्यवस्थाअनसार नै सम्बन्धित सबैसँग संवाद गरी निकास दिइने उल्लेख गरिएको छ । कांग्रेससंस्थापन इतरपक्षको केही दिनअघि सम्पन्न राष्ट्रिय सम्मेलनमाा प्रस्तुत विभिन्न प्रस्ताव र सुझावलाई समेटी परिमार्जनसहित पारित प्रस्तावलाई लिखित गर्ने जिम्मेवारी केन्द्रीय सदस्य एनपी साउदको संयोजकत्वमा केन्द्रीय सदस्य उमाकान्त चौधरी, केन्द्रीय सदस्य सीता राना र सहयोगीमा केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मा र दीपकप्रसाद कुइँकेल रहेको समितिलाई जिम्मेवारी दिइने निष्कर्ष सम्मेलनले गरेको छ ।

पूर्वप्रधानमन्त्री समेत रहेको निवर्तमान सभापति शेरबहादुर देउवा तथा सम्मेलन संयोजक डा शशांक कोइरालासहितका नेताहरूले सम्मेलन समापनलाई सम्बोधन गरेको स्रोतले जनाएको छ ।

# प्रहरी मुख्यालय बिचौलियासँग मिलेको छ : सुनार

**काठमाडौं ।** सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले नेपाल प्रहरी र त्यसको नेतृत्वमाथि गम्भिर आरोप लगाएका छन् । नेपाल प्रहरीको पोसाक अरिदमा अनियमितता भएको दाबी गर्दै प्रहरी मुख्यालय बिचौलियाहरूको कब्जामा रहेको आरोप लगाएका हुन् ।

बिहीबार बसेको सार्वजनिक लेखा समितिको बैठकमा बोल्दै सांसद सुनारले भ्रष्टाचारको विषयमा आफू प्रमाणसहित अडिग रहेको दावी गरे । सुनारले बैठकमा बोल्दै १५ दिनअघि प्रहरीको पोसाक खरिदमा भएको बदमासीका बारेमा कागजात माग गरिएको भए पनि अहिलेसम्म उपलब्ध नगराइएकोमा आपत्ति व्यक्त गरे । पोसाक खरिदमा विवरण लुकाएर फेरि पनि करोडौंको टेन्डर आह्वान गरिएको उल्लेख गर्दै उनले असन्तुष्टि व्यक्त गरे । 'हामीले १५ दिनभित्रमा त्यो प्रहरीको पोसाक खरिदमा भएका बदमासीका बारेमा डकुमेन्ट मागेका थियौं, त्यो आएकै छैन' उनले थपे 'फेरि यही बिचमा प्रहरीले करोडौंको टेन्डर आह्वान गरेको छ । निश्चित बिचौलियाहरूले प्रहरी हेडक्वाटर कब्जा गरेका छन् ।' उनले आफूले उठाएका प्रश्नहरूमा कुनै सम्झौता नगर्ने उल्लेख गर्दै आफ्नो अभिव्यक्तिले कसैलाई चित्त नबुझेको भए वा मानमर्दन भएको लागेमा अदालत जान समेत चुनौती दिए ।

'कहीँ कतै कोही साथीहरूलाई मेरो मानमर्दन भयो भन्ने लाग्छ भने यहाँ उतापट्टि अदालत छ, गएर मुद्दा हाल्नुहोला, कठघरामा उभिएर जवाफ दिन म तयार छु' सांसद सुनारले भने । एउटा सार्वभौम समितिमा आएर सरकारको मानमर्दन गर्ने वा जुवारी खेल्ने काम स्वीकार्य नहुने चेतावनी दिँदै उनले टोपी भुइँमा राखेर जुवारी खेल्ने थलो संसदको समिति नभएको र जुवारी खेल्ने कार्य स्वीकार्य नहुने पनि उनले बताए । टोपी भुइँमा राखेर जुवारी खेल्ने थलो संसदको समिति नभएको स्मरण गराउँदै अनियमितता विरुद्ध आफ्नो संघर्ष जारी रहने अडान सांसद सुनाले दोहोऱ्याए ।

# वर्षाजन्य विपदका कारण विभिन्न क्षेत्रका सडक र यातायात अवरुद्ध

**काठमाडौं ।** हाल देशभर मनसुनी वायुको प्रभावले मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको आसपास रहेको छ । हालको मनसुनी प्रभावले देशभर साधारणतया बादल लागेको छ । जल तथा मौसम विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार बिहीबार कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही ठाउँमा हल्कादेखि मध्यम वर्षा भएको हो ।

बिहीबार दिउँसो पनि साधारणतया बादल लाग्नेछ । हिमाली भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ । पहाडी भूभागका धेरै स्थान, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थान तथा मधेस प्रदेश साथै कोशी प्रदेशको तराई भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ । कोशी प्रदेशको तराई र मधेस प्रदेशका केही स्थानमा हुरीबतासको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

त्यसैगरी, बिहीबार राति देशका हिमाली र पहाडी भूभागमा साधारणतया बादल लाग्नेछ । कोशी र सुदूरपश्चिम प्रदेशको तराईमा साधारणतया बादल तथा बाँकी तराई भूभागमा आंशिक बादल लाग्नेछ । देशका हिमाली भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ । पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । कोशी र लुम्बिनी प्रदेशको तराई भूभागका केही स्थान, मधेस तथा बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशको तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको महाशाखाद्वारा जारी मौसम बुलेटिनमा उल्लेख छ । बिहीबार भएका वर्षाका कारण देशभरका विभिन्न स्थानमा सडक अवरुद्ध हुनुका साथै केही सडकखण्डमा राति सवारीसाधन सञ्चालन गर्न रोक लगाइएको छ । प्रहरी प्रधानकार्यालयले जारी गरेको बिहीबार बिहान ९ बजेसम्मको विवरण अनुसार काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, रुकुम पश्चिम, संखुवासभा, लमजुङ, इलाम, नुवाकोट र कमवानपुरका विभिन्न सडक प्रभावित भएका छन् । काभ्रेपलाञ्चोकको खुर्कोट-नेपालथोक-कटुन्जेबैंसी सडक सम्भावित बाढीको जोखिमलाई ध्यानमा राखेर साँझ ६ बजेदेखि बिहान ४ बजेसम्म सम्पूर्ण सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । बिहान ४ बजेदेखि बेलुका ६ बजेसम्म भने सवारीसाधन सञ्चालन गर्न दिइएको छ ।

यस्तै, मकवानपुरको कान्ति लोकपथमा पनि वर्षाका कारण साँझ पाँच बजेदेखि बिहान पाँच बजेसम्म सम्पूर्ण सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । नुवाकोटको टोखा-छहरे सडकखण्डमा अत्यावश्यक सेवाबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधनको राति १० बजेदेखि बिहान ५ बजेसम्म आवागमन बन्द गरिएको छ । उक्त सडकमा अर्को सूचना जारी नभएसम्म कुनै किसिमका सवारीसाधन चलाउन नपाइने जनाइएको छ । इलाम नगरपालिका-९ राजदुवालीमा हिलो जमेर मेची राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त स्थानमा वैकल्पिक बाटो रहेको जनाइएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ कोदारीस्थित अरनिको राजमार्गमा इकु पहिरो, सोही गाउँपालिका-२ लिपिङस्थित सडक भासिएपछि उक्त राजमार्ग पनि पूर्ण रूपमा अवरुद्ध भएको छ । रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेस्थित त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी सडकखण्ड त्रिशूली नदीले कटान गरेपछि सो सडक पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

यस्तै, रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगार्ड खोलास्थित भेरी करिडोरको जाजरकोट-डोल्पा सडक पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको छ । लमजुङको बैंसीसहर-मनाङ सडकअन्तर्गत मर्स्याङ्दी गाउँपालिका-४ रामबजारमा पनि पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । सडक अवरुद्ध भएका स्थानमा पहिरो तथा बाढीको जोखिम कायम रहेकाले सम्बन्धित निकायले अवस्था हेरी सावधानीपूर्वक यात्रा गर्न तथा आवश्यकताअनुसार वैकल्पिक मार्ग प्रयोग गर्न प्रहरी प्रधानकार्यालयले आग्रह गरेको छ । यसअघि महाशाखाले बुधबार दिउँसो पनि साधारणतया बादल लागेर हिमाली भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भवाना रहेको उल्लेख गरेको थियो । बुधबार पहाडी भूभागका धेरै स्थान, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थान तथा मधेस प्रदेश साथै कोशी प्रदेशको तराई भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको थियो । कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा भारी वर्षा र कोशी प्रदेशको तराई  र मधेस प्रदेशका केही स्थानमा हुरीबतासको सम्भावना रहेको उल्लेख गरेको हो ।

वर्षाका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध हुनुका साथै केही सडक यातायाता राति सवारीसाधन सञ्चालन गर्न रोक लगाइएको छ । प्रहरी प्रधानकार्यालयले जारी गरेको बुधबार बिहान १०:३० बजेसम्मको विवरण अनुसार काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, रुकुम पश्चिम, संखुवासभा, लमजुङ, इलाम, नुवाकोट र मकवानपुरका विभिन्न सडक प्रभावित भएका छन् ।



# वाम शक्ति जनमतबाट टाढिनुका कारणको समीक्षा हुनुपर्छ : पोखरेल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले वामपन्थी शक्तिबाट जनमत टाढिनुका कारणबारे गम्भीर समीक्षा गर्ने बेला आएको बताएका छन् । समाजवाद अध्ययन केन्द्र नेपालद्वारा संघीय राजधानी काठमाडौंमा आयोजित 'वामपन्थी आन्दोलन अब के गर्ने ? राष्ट्रिय बहस' विषयक कार्यक्रममा बोल्दै महासचिव पोखरेलले जनमत आफूहरूबाट टाढिनुको कारण पहिचान गरी त्यसको गम्भीर समीक्षा गर्नुपर्ने बताएका हुन् ।

कम्युनिस्ट पार्टीकै नेतृत्वमा सरकार हुँदाहुँदै पनि सरकारबाट अपदस्थ हुनु परेको यथार्थलाई गम्भीरतापूर्वक विश्लेषण गर्नुपर्ने उनको धारणा थियो । 'कम्युनिस्ट पार्टीकै नेतृत्व रहेको बेला सरकाबाट अपदस्थ हुनुपरेको छ' महासचिव पोखरेलको भनाइ थियो 'यो यथार्थलाई गम्भीर समीक्षा नगरी वामपन्थी आन्दोलनलाई पुनर्गठन गर्न सम्भव छैन ।' नेपालमा वामपन्थी आन्दोलनले लामो समयदेखि राजनीतिक नेतृत्व गर्दै आए पनि पछिल्लो समय कमजोर हुँदै जानु सामान्य विषय नभएको उल्लेख गर्दै महासचिव पोखरेलले नेपालमा वामपन्थी आन्दोलनले ६ प्रधानमन्त्री र २१ मुख्यमन्त्री जन्माइसकेको स्मरण गराए । यस्तो राजनीतिक प्रभाव भएको वामआन्दोलन कमजोर हुनुको कारण खोजी गर्नुपर्ने उनको विश्लेषण थियो ।

'नेपालको कम्युनिस्ट आन्दोलन सामान्य थिएन' उनको भनाइ थियो । विगतका राजनीतिक अभ्यास, जनतासँगको सम्बन्ध तथा जनमतमा आएको परिवर्तनको वस्तुनिष्ठ समीक्षा गरेर मात्रै वामपन्थी आन्दोलनलाई नयाँ आधारमा पुनर्गठन गर्न सकिने बताए । कार्यक्रममा नेकपा संयुक्तका कार्यवाहक अध्यक्ष घनश्याम भुसाल, नेकपाका नेता शक्तिबहादुर बस्नेत, एमाले नेता कर्ण थापा, राष्ट्रियसभाका सदस्य गणेश विकलगायतको सहभागिता रहेको थियो ।

# एमालेका ५३ प्रतिशतले मात्रै गरे सदस्यता नवीकरण

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) को पार्टी सदस्यता झन्डै आध नवीकरण गर्ने झन्डै आधा घटेको देखिएको छ । देशव्यापी अभियानमा साउनसम्म तीन लाख ५९ हजार जना अर्थात करिब ५३ प्रतिशतले मात्रै सदस्य नवीकरण गरेका हुन् ।

एमालेमा गत वर्ष ६ लाख ८६ हजार ७ सय ४८ जना सदस्यले सदस्यता नवीकरण गरेका थिए । गत भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि गत फागुनमा सम्पन्न निर्वाचनमा एमाले सहितका वामपन्थपी शक्तिहरू धेरै कमजोर बनायो । २०८२ फागुन २१ को निर्वाचनबाट एमाले २५ सिट र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले १७ सिट प्राप्त गरेर संसदमा प्रतिनिधित्व गर्ने शक्ति बनेका थिए । पार्टी नेतृत्वले सरकारमा हुँदा नहुँदा लिएको नीति र कार्यशैलीले सामान्य सदस्यको मनोविज्ञान निर्धारण गर्ने राजनीतिशास्त्र प्राध्यापक कृष्ण पोखरेलले बताए । उनका अनुसार एमाले नेतृत्व पटक-पटक असफल साबित भइसकेको छ । 'नेतृत्वले कार्यकर्ता र मतदाताको मन जितेको भए प्रधानमन्त्रीबाट पदच्युत भए पनि मतदाता, कार्यकर्ताले जिताउनुपर्ने थियो' पोखरेलको भनाइ थियो 'नेतृत्व हेरेर कार्यकर्ताले आफ्नो भविष्यबारे आकलन गर्छन् ।'

वामपन्थी पार्टीहरूले विगतमा इमानदार कार्यकर्ता पाखा लगाउने प्रवृत्ति हाबी भएपछि उनीहरूले सदस्यता नवीकरणमा चासो नै नदिएको उनको धारणा थियो । 'लामो समय पार्टीमा लाग्दाखेरि अपेक्षा पूरा भएन, टाठाबाठाले अवसर पाए । टाठाबाठा नेता कार्यकर्ताले पद प्रयोग गरेर आर्थिक अवस्था सुधारेको देखेपछि इमानदार संगठित सदस्यहरू पार्टीप्रति निराश भएको देखिन्छ । अब सदस्य भएर के हुन्छ भन्ने भएपछि नवीकरण गर्न रुचि देखाएनन्' उनको बुझाइ थियो 'एमालेको मैमत्त प्रवृत्ति केन्द्रमा मौलायो, त्यो तलसम्म पुग्यो । विवेकलाई बन्धक राख्न नचाहने कार्यकर्ताहरू निराश हुँदै गए ।' पुराना सदस्य र नयाँले पार्टीमा भविष्य देख्ने गरी नीति तथा कार्यक्रम बनाउनुपर्ने टिप्पणी गर्दै एमाले महासचिव शंकर पोखरेलले भने 'युवाले पार्टीमा आफ्नो भविष्य देख्ने अवस्था हामीले सिर्जना गर्नुपर्छ । पार्टी पुनर्गठन गरेर मात्र त्यो सम्भव छ ।'

एमाले पुनर्गठन गर्नेबारे उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा गठन भएको कार्यदलका सचिव समेत रहेका महासचिव पोखरेलले तीन पुस्तालाई संयोजन गर्ने योजना बनाउनुपर्ने प्रतिवेदन तयार गरेका छन् । अध्यक्ष केपी शर्मा ओलीले उक्त प्रतिवेदन अहिलेलाई थाती राख्ने निर्णय गरेको छ । यद्यपी एमाले सचिव एवं संगठन विभाग प्रमुख भानुभक्त ढकालले सदस्यता नवीकरण उत्साहजनक भएको दावी गरेका छन् । सदस्यता नवीकरणको समग्र तथ्यांक आउन बाँकी रहेको जानकारी दिँदै उनले प्रदेशहरूबाट अद्यावधिक विवरण आउन बाँकी रहेको छ ।

# पार्टी र सरकारको विरोध नगर्न गृहमन्त्री गुरुङको 'चेतावनी' !

**काठमाडौं ।** देश जलाएको खरानीको थुप्रोबाट अप्रत्यासित रूपमा सत्ताको शिखरमा पुगेको आफ्नै दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सांसदहरूले पार्टीको व्यवहार र कार्यशैलीप्रति असन्तुष्ट देखिएका छन् । रास्वपा गतिविधिप्रति असन्तुष्टि व्यक्त गर्ने सांसदहरूलाई सरकारको विरोध नगर्न चेतावनी दिँदै गृहमन्त्री सुदन गुरुङले पार्टीभित्रका असन्तुष्टि संसदमा पुर्‍याउँदा विपक्षी दलहरू बलियो बनाउने बताएका हुन् ।

रास्वपा संसदीय दलको बुधबारको बैठकमा गृहमन्त्री गुरुङले पार्टीका सांसदहरूलाई संसदमा सरकारको विरोध नगर्न चेतावनी दिएका हुन् । बैठकमा सहभागी एक सांसदका अनुसार सरकारले गरेका कामको समर्थन गर्न गृहमन्त्री गुरुङले भनेका थिए । 'घरको झगडा घरभित्रै राखौं, सदनमा विरोध नगरौं' उनको भनाइ थियो 'विपक्ष बलियो हुन थाल्यो ।' गृहमन्त्रालय सम्बन्धी गुनासोलाई लिएर आफूलाई नभेट्नु र नसुनाउन भन्दै थपे 'सांसदहरूले गृहमन्त्रालयसँग सम्बन्धित गुनासो मलाई होइन, स्वकीय सचिव जेम्स कार्कीलाई सुनाउनु, भेट्नुहोला ।' सो दलका सभापति रवि लामिछानेले बुधबार ११ बजे बोलाएको संसदीय दलको बैठकमा रास्वपा संसदीय दलको नेता भए पनि प्रधानमन्त्री बालेन्द्र शाह भने उपस्थित भएका थिएनन् । संसदीय दलका नेता शाह नआएपछि सभापति छामिछानेले नेतृत्व गरेको उक्त बैठकमा सरकारका अधिकांश मन्त्रीहरू भने पुगेका थिए ।

# नागका चित्र टाँसेर पूजाआराधना गर्दै मनाइयो नागपञ्चमी

**काठमाडौं ।** हरेक वर्ष झैं श्रावण शुक्ल पञ्चमीका दिन सोमबार घरका मूल ढोकामाथि ब्राह्मण पुरोहितबाट नागको तस्वीर टाँसी विधिपूर्वक पूजाआराधना गरी देशभर नागपञ्चमी पर्व मनाइएको छ । नागपञ्जमीका दिन घरको मूल ढोकामाथि नागको तस्बिर टाँसेमा नाग, सर्प, बिच्छी जस्ता जीवबाट वर्षभरी दुःख नपाइने धार्मिक विश्वास रही आएको छ ।

यसरी नागको तस्बिर ढोकामाथि टाँस्दा चट्याङ, अग्निभय र मेघका कारण समेत पीडित हुनु नपर्ने भन्ने कुराको उल्लेख बराह लगायतका पुराणमा गरिएको धर्मशास्त्रविद एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्व सदस्य प्रा डा देवमणि भट्टराईले बताए । यस पर्वका अवसरमा पशुपति क्षेत्रस्थित वासुकीनाथ मन्दिर, काठमाडौंको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरीलगायत नेपालभरका नागदह, नागकुण्ड र नागस्थानहरूमा नागको पूजाआराधना गरी मेला लाग्ने गर्दछ । साथै चाँगुनारायण मन्दिरलगायत देशभरका नारायण मन्दिरमा पनि भक्तजनको लाम लाग्ने गर्छ । नागपञ्चमीका दिन नाग पूजा गरेपछि खेतबारीमा खनजोत नगरी किसानले समेत आराम गर्ने परम्पर रहँदै आएको छ । खेत, बारीमा नागले बास गर्छन् भन्ने धार्मिक विश्वास मान्यता अनुसार यस दिन खेत, बारी खनजोत गरेमा नाग मारिन्छ भनेर खनजोत समेत नगर्ने परम्परा रहँदै आएको छ । सोही मान्यताका आधारमा खेत बारीमा नागस्थान बनाई पूजा गरी नाग पञ्चमी पर्व मनाइन्छ । नागपञ्चमीका दिन विधिपूर्वक पूजा आजा गरी घरको मूल ढोकामा नाग टाँसेमा वर्षभर विद्युत, अग्नि, सर्प, चट्याङ लगायतको भय नहुने धार्मिक विश्वास समेत रहेको छ । वातावरणीय सन्तुलनका लागि समेत सहयोग गर्ने नागलाई हाम्रो समाजमा प्रकृतिकै रूपमा संरक्षण गरिँदै आएको देखिन्छ । श्रावण शुक्ल पञ्चमी अर्थात नागपञ्चमी पर्वका अवसरमा वासुकिनाथ, नागपोखरी र टौदहमा बिहानैदेखि भक्तजनको भीड लाग्ने गर्दछ । यस पर्वका अवसरमा शुपतिनाथ मन्दिरस्थित वासुकिनाथ मन्दिर, काठमाडौं महानगरपालिका-१ नागपोखरी र कीर्तिपुर नगरपालिका-६ मा रहेको टौदहमा भक्तजनले नागको पूजा, आराधना एवं दर्शन गर्दै नागपञ्चमी पर्व मनाएका छन् ।

पशुपति क्षेत्र विकास कोषले नागपञ्चमीका अवसरमा वासुकिनाथ मन्दिर सोमबार बिहान तीन बजेदेखि नै खुला गरिएको बताएको हो । नागपञ्चमीका अवसरमा वासुकिनाथ मन्दिरमा विशेष पूजा, आराधना गरिन्छ । मन्दिरमा पूजा, आराधना एवं दर्शनका लागि भक्तजन लाम लागेका कोष संस्कृति संरक्षण महाशाखाका पुरातत्त्व अधिकृत सुशीलकुमार गौतमले जानकारी दिए । चन्द्रमासअनुसार श्रावण महिनाको तेस्रो सोमबार भएकाले सोमबार बिहानैदेखि पशुपति क्षेत्रमा भक्तजनको लाम लागेको थियो ।

यसैगरी, काठमाडौं महानगरपालिका-१ नागपोखरीमा बिहानैदेखि नित्य पूजा, आराधनाका लागि पोखरी खोलिएको थियो । नित्य पूजा सकिएपछि भक्तजनलाई पूजा, आराधनाका लागि खुला गरिएको महानगरपालिका-१ का सदस्य रोशन श्रेष्ठले जानकारी दिए । नागपञ्चमी पर्वका अवसरमा कर्कोटक नागराजा र नागरानीको निवास रहेको टौदहमा पनि कीर्तिपुर र पाँगाका स्थानीयवासी बिहानैदेखि पूजा, आराधना गर्न भक्तजनको घुइँचो लागेको थियो । स्थानीय उपेन्द्र नेपालले बिहान नित्यपूजापछि टौदहमा भक्तजनका लागि खुला गरिएको जानकारी दिए । टौदहमा परम्परादेखि नै जल यज्ञ विधिबाट सबै नाग नागिनीको पूजा, आराधना हुने गरेकामा २०७० सालपछि बन्द भएको थियो । विसं २०७२ मा एक पटक यो विधिबाट पूजाआजा गरिए पनि अबको पुस्ताले बिर्सने खतरा बढेको उनको भनाइ छ । टौदहको व्यवस्थापन कर्कोटक नागराजा नागरानी व्यवस्थापन समाजले गर्दै आएको छ ।

# चार महिनामा ११ हजार सरकारी कर्मचारी कारबाहीमा

**काठमाडौं ।** प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय मातहतको राष्ट्रिय सतर्कता केन्द्रले पछिल्लो चार महिनामा ११ हजार सरकारी कर्मचारीलाई कारबाही गरेको छ । बालेन्द्र शाहको नेतृत्वमा सरकार गठनदेखि सरकारी कार्यालयहरूमा अनुशासन कायम गर्ने र जनगुनासोको सुनुवाइ गर्ने भन्दै कर्मचारीमाथिको कारबाहीलाई तीव्र पारिएको हो ।

केन्द्र सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टले गत चैतदेखि साउनसम्म केन्द्रमा सरकारी कार्यालय वा कर्मचारीसँग जोडिएका उजुरी दर्ता प्रक्रिया उल्लेख्य वृद्धि जानकारी दिए । प्रवक्ता भट्टका अनुसार गत चैतदेखि साउनसम्म केन्द्रमा एक हजार २९८ उजुरी दर्ता भएका थिए । जसमध्ये एक हजार ११४ वटा अर्थात् ८५.८२ प्रतिशत उजुरी फछ्र्यौट गरिएको छ । जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.७२ प्रतिशत विन्दुले बढी हो । केन्द्रका अनुसार विसं २०८१ चैतदेखि २०८२ साउनसम्म ५५६ उजुरी दर्ता भएकामा ४१२ वटा अर्थात ७४.१० प्रतिशत उजुरी फछ्र्यौट भएका थिए । वर्तमान सरकार गठन भएपछि जारी गरेको शासकीय सुधारका १०० सूचीमा कर्मचारीको आचारसहिताको अक्षरशः कार्यान्वयन गर्ने उल्लेख थियो । सोहीअनुसार केन्द्रले कार्यालय अनुगमन र कारबाही प्रक्रियालाई कडा र व्यापक बनाएको जनाएको छ ।

केन्द्रका अनुसार चैतदेखि साउनसम्म ९२४ कार्यालयको अनुगमन गरिएको छ । अनुगमनका क्रममा आचारसहिता र समय पालना नगरेका १० हजार २६८ जना, तोकिएको पोशाकमा उपस्थित नभएका ६४५ जना तथा आफ्नो कार्यकक्षमा नभेटिएका ९१ जना गरी ११ हजार चार जना कर्मचारी कारबाहीमा परेका छन् । केन्द्रले अनुशासन उल्लंघन गर्ने यी सबै कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकायहरूलाई कडा निर्देशन दिएको छ । केन्द्रले २०८१ चैतदेखि २०८२ साउनसम्म कूल ३१८ कार्यालय अनुगमन गरेकामा आचारसंहिता पालना नगर्ने तथा समय पालना नगरेका २ हजार २१३ जना र तोकिएको पोशाक नलगाएका ५६२ जना गरी कुल २ हजार ७७५ जना कर्मचारीले अनुशासन उल्लंघन नगरेको पाइएको जनाएको छ । केन्द्रले सरकारी सेवालाई नागरिकमैत्री, अनुशासित र मर्यादित बनाउनका लागि सक्रियता बढाएको छ । केन्द्रले आगामी दिनमा छानबिन, निगरानी, अनुगमन, छड्के जाँच तथा अनुसन्धानमा डिजिटल प्रविधि, कृत्रिम बौद्धिकता (एआई) तथा डेटा विश्लेषणको प्रयोग विस्तार गर्ने कार्यदिशा तय समेत गरेको छ ।

यस्तै, हेलो सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा अन्य सरोकारवाला निकायसँगको समन्वयलाई थप सुदृढ बनाइनुका साथै संशोधित भ्रष्टाचार निवारण ऐनसँग सामञ्जस्य हुने गरी केन्द्रसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि तथा कार्यसञ्चालन प्रक्रियालाई अद्यावधिक गरिने समेत जनाएको छ । सरकारी कार्यालयमा भएको अनियमितता, भ्रष्टाचारलगायतका गुनासाका सम्बन्धमा फोनमार्फत जानकारी समेत दिन सकिने जानकारी दिँदै उनले सरकारी कर्मचारीले आचारसंहिता पालना नगरेको, काम नगरेकोलगायतका केही गुनासा भए केन्द्रको हटलाइन नं ०१४२००३४५ मा फोन गरेर टिपाउन सकिने बताए ।

# बाँदर–बँदेलसहित बाढीपहिरोदेखि शान्तिसुरक्षातर्फ सरकारको ध्यानाकर्षण

**काठमाडौं ।** प्रतिनिधिसभाको बैठकमा सांसदहरूले बाँदर र बँदेलबाट किसानले भोग्नुपरेका समस्यादेखि शान्ति सुरक्षालगायतका विभिन्न विषयलाई उठान गरेका छन् । बुधबार प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै सांसदहरूले मुलुकका विभिन्न स्थानमा अविरल वर्षाका कारण बाढीपहिरोबाट भएका क्षति र प्रभावित नागरिकको उद्धार, राहत र पुनर्स्थापनाका लागि सरकारको ध्यानाकर्षण गराएका हुन् ।

बैठकमा सांसद केपी खनालले कैलालीमा सामुदायिक वनमा ४२ वर्षीय पदम विश्वकर्माको गोली लागि हत्या भएको घटनाको सत्यतथ्य छानबिन गर्न माग गरे । सांसद अरविन्द साहले बाराको जितपुरमा सिमरा उपमहानगरपालिका-१ मा तीन वर्षकी अबोध बालिकालाई तेस्रो दिनमा मृत भेटिएको घटनाको छानबिन गरी दोषीलाई तत्काल कारबाही गर्न सरकारको ध्यानाकर्षण गराए । उनले सिसीटिभी क्यामेरा जडान गर्न र बिजुलीको पोलमा बत्तीको व्यवस्था गर्न समेत सरकारसँग माग गरे । सांसद यज्ञबहादुर बोगटी अछाम मंगलसेन नगरपालिका-३ मा बुधबार बिहान जंगली बँदेल गाउँ पुगेर पाँच जनालाई घाइते बनाएकाप्रति सरकारको ध्यानाकर्षण गराउँदै निःशुल्क उपचार र क्षतिपूर्तिको माग गरे । उनले बाँदर र बँदेलको ज्यादतीले किसान मारमा परेको भनेर बारम्बार उठाउँदा पनि समस्या समाधान नभएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद रहबर अन्सारीले बारा जितपुरको तीन वर्षे बालिकाको बलात्कारपछि हत्या भएको घटनामा प्रहरीले खोजतलासमा ढिलाइ गरेको टिप्पणी गर्दै त्यस्ता घटनामा तत्काल प्रहरीले खोजी गर्नुपर्नेमा गृहमन्त्रालयको ध्यानाकर्षण गराए । सांसद पार्वती विकले गत साउन ३० गते आएको अविरल वर्षाका कारण जाजरकोटमा बाढी आएर ठूलो क्षति भएको र ८९३ जना मानिसलाई होल्डिङ सेन्टरमा राखिएको जानकारी गराउँदै बालबालिका तथा घाइतेहरू धेरै, सुत्केरी, गर्भवतीलाई गाँस, बास र कपासको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए । बैठकमा सांसद गोपाल शर्माले रुकुम पश्चिमा अवरिल वर्षका कारण विद्यालय, बस्तीमा क्षति पुगेकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै नागरिकलाई सुरक्षित बासको व्यवस्था गर्न माग गरे भने सांसद प्रशान्त उप्रेतीले हेटौंडामा विद्यालयबाट घर फर्कनले बेलामा चार बालिका मंगलबार खोलाले बगाएको दुईको मृत्यु भएको, एक घाइते र एकको अवस्था अज्ञात रहेकोप्रति सरकारको ध्यानार्षण गराउँदै तत्काल पुल निर्माण गर्न माग गरे ।

बुधबार प्रतिनिधि सभा बैठकमा सांसद वासुमाया तामाङले पछिल्लो समय सामाजिक सञ्जालमार्फत धेरै मानिसको चरित्रहत्या गर्ने काम भइरहेको भन्दै तत्काल यस्ता कार्य रोक्न सरकारसँग आग्रह गरे ।

# संसदमा जवाफ दिन प्रधानमन्त्रीलाई रुलिङ

**काठमाडौं ।** सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभाका सदस्यले संसदमा उठाएको जिज्ञासाको उत्तर दिनका लागि प्रधानमन्त्रीलाई रुलिङ गरेका छन् । विपक्षी दलका सांसदले यसअघिका अधिकांश बैठकमा प्रधानमन्त्रीबाट जवाफ आउनुपर्ने मागसहित रुलिङका लागि अनुरोध गर्दै आएका थिए ।

सभामुख अर्यालले प्रतिनिधिसभाको नियमावली, २०८३ को नियम ५६, ५७, ५८, ५९ र ६० बमोजिम प्रतिनिधिसभाका सदस्यको जवाफ दिनको लागि प्रधानमन्त्रीलाई निर्देश गरेका हुन् । सोमबार पनि प्रतिनिधिसभा बैठकमा समेत विपक्षी सांसदहरूले उठेर विरोध जनाएका थिए । विपक्षी सांसदहरूले विरोध जनाएपछि सभामुख अर्यालले प्रतिनिधिसभाको नियमावली, २०८३ को नियम ५६ अनुसार 'प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्षरूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्नेछ' भन्ने प्रावधानबमोजिम आफ्नो गम्भीर ध्यानाकर्षण भएको स्पष्ट गरे ।

## शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुबाट प्रदान गरिने स्वास्थ्य उपचार सेवाहरू

- झाडापखला, आउँ, मासी, हैजको उपचार सेवा
- धनुष्टंकार, कालाजार, मलेरिया दमको उपचार सेवा
- ज्वरो टाइफाइडको उपचार सेवा जण्डिस, मेनेन्जाइटिसको उपचार सेवा
- सर्पदंश उपचार सेवा।
- कुकुर, विरालो तथा अन्य जंगली जनावरले टोकेको भ्याक्सिन सेवा
- प्रत्येक हप्ताको आइतबार दिनको ११:०० बजे गाइनो सम्बन्धी उपचार सेवा
- एड्स संक्रमितहरूलाई ए.आर.टी. उपचार सेवा लगायत विभिन्न किसिमका सरुवा रोगहरूको उपचार यस अस्पतालबाट हुने भएकाले फाइदा लिनुहुन अनुरोध छ।

**यहाँ सि.टी.स्केनको पनि सेवा सुविधा छ ।**

नेपाल सरकार

**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

**शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल**

टेकु, काठमाडौं

भूकम्पलगायत बहुप्राकृतिक प्रकोपबाट हुन सक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्सा/डिजाइन तयार पारौं । भवन निर्माण गर्दा राष्ट्रिय भवनसंहिता, २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गरौं । निर्माण कार्यमा दक्ष प्राविधिक, तालिम प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरौं । सुरक्षित रहने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**

सानो गौचरण, काठमाडौं

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**सडक डिभिजन**

मीनभवन, काठमाडौं

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**सडक डिभिजन**

भक्तपुर, नेपाल

## फेरि गर्जिए बादल...

अंगहरूमा खतरा पैदा गर्ने धारणा राख्दै त्यस्ता खतराहरूबाट सरकारले मुलुकलाई बचाउनु पर्नेमा उनले जोड दिए ।

'तीन ए' को 'शक्ति' बाट सरकार र नेतृत्वमा आए पनि जनविरोधी तथा राष्ट्रविरोधी कामले प्रधानमन्त्रीको शक्ति क्षय हुँदै गएको बादलले दावी गरे । उनले भने- 'अब पपुलिज्मको नसा, अल्गोरिदमको जादू, अपर्चुनिज्मको भ्रम र 'तीन ए' को शक्ति क्रमशः क्षीण हुँदै गएको छ ।' यसैकारण प्रधानमन्त्रीले 'एक्लो' महसुस गरिरहेको उल्लेख गर्दै उनले भने- 'यो सरकारको मुखियाले आफू नितान्त एक्लो भएको छटपटी महसुस गरिरहेको छ ।' शोधकर्ताहरूको हवाला दिँदै गत भदौको जेन-जी विध्वंसमा लुटपाट गरिएका हतियार तिब्बती गुम्बामा लुकाइएको आशंका समेत उनले व्यक्त गरे ।

निर्वासित तिब्बतीहरूलाई नेपालले मानवीय आधारमा शरण दिएको उल्लेख गर्दै राजनीतिक शरणार्थीका रूपमा तिनलाई कहिल्यै मान्यता नदिइएको बादलले प्रष्ट्याए । 'कतिपय शोधकर्ताहरूले तिब्बती गुम्बाहरूमा ठूलो मात्रामा शक्तिसंग्रह भइरहेको दाबी गरिरहेका छन्; स्मरण रहोस्- निर्वासित तिब्बतीहरूलाई नेपालले मानवीय आधारमा शरण दिएको हो, राजनीतिक शरणार्थीका रूपमा कहिल्यै मान्यता दिएको छैन'- उनले भने । 'जेन-जी आन्दोलन' मा टीओबीले अग्रपंक्तिमा ताण्डवनृत्य प्रदर्शन गरेको र नयाँ सरकारलाई स्वयम् दलाई लामाले बधाई दिएको स्मरण गराउँदै बादलले भने- 'उक्त घटनाप्रति चीन सरकारले समेत गम्भीर चासो व्यक्त गर्दै चेतावनी दिएको थियो ।' यतिबेला एमाले अध्यक्ष खड्गप्रसाद ओलीका सवभन्दा निकट र असाध्यै विश्वासपात्र मानिएका समानुपातिक सांसद बादलका अभिव्यक्तिप्रति एमालेकै कतिपय नेताहरूले तीव्र आलोचना र विरोध जनाए पनि अध्यक्ष ओलीले भने कुनै प्रतिक्रिया जनाएका छैनन् ।

राष्ट्रले स्थायी नीतिका रूपमा अवलम्बन गर्दै आएको पञ्चशीलको सिद्धान्तमा आधारित असङ्लग्न परराष्ट्र नीति समेतको धज्जी उडाएर क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्तुलन गुमाउँदा राष्ट्र र जनताले व्यहोर्नुपर्ने क्षति र भोग्नुपर्ने दुर्दशातर्फ पनि नेता बादलले सरकारलाई सचेत गराए । परराष्ट्र नीति र राष्ट्रिय सुरक्षा रणनीतिमा खतरनाक विचलन देखन थालेको उनले उल्लेख गरे । यसअघि पनि बादलले 'राष्ट्रिय झण्डा ओढेर देश जलाउने देशद्रोहीप्रति सरकारको नीति तथा कार्यक्रम आश्चर्यजनक रूपमा मौन बसेको' टिप्पणी गर्दै प्रश्न गरेका थिए । 'देश खरानी हुँदा र आफ्नै परमाधिपतिको मुख्यालयमा धावा बोलिँदा राष्ट्रको प्रमुख रक्षक नेपाली सेना किन रहस्यमय ढंगले मूकदर्शक बन्यो? लिपुलेक अतिक्रमण हुँदा बेखबर त्यही सेनाले सुकुम्बासी बस्तीमा किन परेड खेल्दैछ ?' भन्दै उनले प्रश्न गरेका थिए । सरकारले ट्रेड युनियन र विद्यार्थी संगठन खारेज गरेर लोकतान्त्रिक अधिकार कटौती गरेकामा आपत्ति जनाएका बादलले समाजमा महँगी, चोरी-डकैती र अराजकता भइरहेको तथा सुकुम्बासीको व्यवस्थापन हुन नसकेकामा ध्यानाकर्षण गराएका थिए । सरकार संसदप्रति जवाफदेही नभएको र सत्तापक्ष-प्रतिपक्षबीच संवाद नगरिएको अवस्थामा अब फेरि झन् ठूलो आन्दोलन हुन सक्नेतर्फ पनि उनले सचेत गराए ।

## कम्युनिस्ट टुटफुटका...

मुलुकका प्रमुख तीन दल अहिले साम्राज्यवादी आक्रमणको निशानामा रहेको चर्चा गर्दै कम्युनिस्ट टुटफुटका कारण मुलुकले ठूलो क्षति व्यहोर्नुपरेको उनले बताए। 'कम्युनिस्ट एकता अपरिहार्य शर्त भएको छ, अहिले कार्यगत एकता भएको छ, अब ढिलोचाँडो नेकपा-एमालेबीच एकता हुन्छ; कम्युनिस्ट एकताविना राष्ट्र नै नरहने खतरामा रहेका कारण एकता अनिवार्य भएको हो'- गुरुङले भने।

देशमा बृहत् कम्युनिस्ट एकता गर्ने लक्ष्यका साथ सबै कम्युनिस्ट घटकलाई एकठाउँमा ल्याउने प्रक्रियाका लागि दुवै दलका शीर्ष नेतृत्व अगाडि बढेको उनले दावी गरे। बृहत् शान्ति सम्झौताकर्ता दल एक भएर राष्ट्रियस्तरमा साम्राज्यवादका विरुद्ध लड्नुपर्नेमा कम्युनिस्ट आफैं कोही सत्ता र कोही बाहिर रहेर एकापसका लडेका कारण गतवर्ष भदौ २३ र २४ गतेको घटना सिर्जना भएको उनले उल्लेख गरे । नेपाली कम्युनिस्ट पार्टीका कर्णाली प्रदेश इन्चार्ज चन्द्रबहादुर शाहीले पद, शक्ति र सत्ता प्राप्ति नभई राष्ट्र तथा राष्ट्रियताको रक्षाका लागि एकता आवश्यक भएको बताए। कार्यक्रममा नेकपा ( एमाले) सुर्खेतका अध्यक्ष कुलमणि देवकोटा, क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता निरक केसी, नेकपाकी प्रदेश संयोजक विमला केसीलगायतले पनि धारणा राखे।

# बीपी र गणेशमानहरूको निजीकरण अस्वीकार्य : गगन थापा

**काठमाडौं ।** प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बीपी कोइराला, गणेशमान सिंहजस्ता नेतालाई निजीकरण गरेर घरभित्र कैद गर्न दिनु नहुने बताएका छन् । कांग्रेस राष्ट्रिय शक्ति भएको जिकिर गर्दै सभापति थापाले निर्वाचनमा ठूलो दल हुन नसके पनि कांग्रेसको त्यो पहिचान कसैले खोस्न नसक्ने बताएका हुन् ।

कांग्रेस संस्थापन इतर (निवर्तमान सभापति) देउवा समूहले केही दिनअघि सम्पन्न गरेको भेलाका विषयमा सोमबार पार्टी कार्यायमा पत्रकार सम्मेलन गरी जानकारी गराइने भएकाले आजै केही नसोध्न समेत सञ्चारकर्मीलाई आग्रह गरे ।

नेपाली कांग्रेसका नेता धर्म गौतमले लेखेको पुस्तक 'बीपी र विद्रोहका ती दिन' विमोचन समारोहलाई सम्बोधन गर्दै सभापति थापाले बीपीको मेलमिलापको नीतिको सन्दर्भ अहिले व्यापक रूपमा चर्चा भएको बताएका हुन् । 'दुई तीन जना बसेर बीपीले यसो भन्नुभएको थियो भन्ने गरेको सुनिन्त, त्यसको कुनै आधिकारिकता भने हुँदैन, कुनै पुस्तक हुँदैन, दस्तावेज हुँदैन, त्यसका लागि पनि धर्म गौतमजस्ता ऐतिहासिक पृष्ठभूमि भएका व्यक्तिको पुस्तक प्रकाशन हुन जरुरी छ' थापाको भनाइ थियो ।

पुस्तकका लेखक एवं कांग्रेस नेता गौतमले पुराना नेता सबै गाली गर्न लायक मात्र थिएनन्, सराहना गर्न लायक पनि थिए भन्ने जानकारी दिन आफूले प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपीसँग जोडिएका विषय समेटेर पुस्तक लेखेको दावी गरे । पुस्तकमा बीपीको सूत्र साम्यवादमा प्रजातन्त्र थपे समाजवाद, समाजवादबाट प्रजातन्त्र झिके साम्यवाद र मदन भण्डारीको बहुदलीय जनवादका विषयमा के फरक छ ? बीपी, विचार र दर्शनको पुञ्जलगायत विषयमा चर्चा गरिएको उहाँले बताउनुभयो । 'पुस्तक बिक्रीबाट प्राप्त हुने रकममा परिवारका तर्फबाट थपेर गाउँको सामुदायिक स्वास्थ्यचौकी र महेश्वरा आधारभूत विद्यालयलाई आधुनिक सुविधासम्पन्न बनाउन सहयोग गर्ने सल्लाह भएको छ, यसमा परिवारका सदस्य पनि सहमत छन्' लेखक गौतमको भनाइ थियो ।

सो कार्यक्रममा पुस्तकका बारेमा वरिष्ठ पत्रकार हरिहर विरहीले समीक्षात्मक मन्तव्य दिँदै गौतमजस्ता राजनीतिज्ञले आफ्ना समयका राजनीतिक इतिहास लेखेर गए मात्र भावी पुस्ता त्यसबाट लाभान्वित हुनाका साथै विगतका राजनीतिक तथ्य पनि उजागर हुने बताए ।

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ। त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो। निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**सडक डिभिजन**
ललितपुर, नेपाल

**मानसिक स्वास्थ्यमा ध्यान दिऔं !**

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्त्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान र सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्य सम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्श सेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौं : मानसिक स्वास्थ्यको संरक्षण गरौं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं